जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily

राष्ट्रिय दैनिक

वर्ष ५ | अंक ०९३ | २०८२ साल मंसिर ०२ गते मंगलवार | Tuesday-18-November-2025 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## पर्साको ग्रामिण सीमावर्ती क्षेत्र सबैठवा नाका हुँदै ब्यापक रुपमा तस्करी, प्रहरी प्रमुख मुखदर्शक

*शु.आ. सम्बाददाता*
*पर्सा, ०१ मंसिर*

पर्सा जिल्लाको ग्रामिण भेगमा पर्ने सबैठवा, धोरे र अमरपट्टि नाकाबाट व्यापक रूपमा तस्करी धन्दा मौलाउदै गएपनी स्थानीय प्रहरी प्रमुखहरू मासिक नजरानामा सिमित हुने गरेको पाइन्छ। पर्साको शहरी क्षेत्रहरूबाट तस्करी धन्दा गर्न र गराउन असहज महसुस भए सङ्गै तस्करहरू हालको समयमा ग्रामिण क्षेत्रका नाकाहरूमा पल्केको देखा पर्न थालेका हुन।

बिगत लामो समयदेखी बन्द रहेको पर्सा जिल्लाको तस्करी धन्दा प्रहरी प्रमुखहरूको आर्थिक मोहका कारण फेरि सुचारू भएको पाइन्छ। तस्करी धन्दा सुचारू गर्न एउटा प्रहरी संगठनले सहयोग गरे प्रयाप्त नहुने भएकोले द्वय प्रहरी संगठन अर्थात नेपाल प्रहरी र सशस्त्र प्रहरीको मिलोमतो तथा सहकार्य भए पश्चात् सुरू भएको पाइएको हो।



पर्सा जिल्लाको ग्रामिण क्षेत्र सबैठवा, धोरे र अमरपट्टि नाकाबाट पिकअपकै माध्यमले तस्करी धन्दा मौलाएको स्थानीय बताउछन। स्थानीयहरूका अनुसार पिकअपबाट माछा तस्करी मात्र नभइ कपडा र फुल समेतको तस्करी धन्दा सुचारू भएको बताउछन। भारतमा ट्र्याक्टरकै माध्यमले तस्करीका मालसमान सीमा नाकासम्म पुग्ने र त्याहाबाट नेपाली नम्बरकै पिकअपबाट मालसमान आयात हुने गरेको बताए। कपडाको लागि भारतीय नम्बर प्लेटको पिकअप प्रयोग हुने गरेको र माछाको लागि नेपाली नम्बर प्लेटको पिकअप प्रयोग हुने गरेको स्थानीय बताउछन।

स्थानीय प्रहरी मात्र नभइ माथिल्लो निकायसम्म तस्करीको भागबन्डा मिले पश्चात् खुल्याम प्रहरीकै अगाडीबाट

## ११ जना वडा अध्यक्षद्वारा प्रमुख जिल्ला अधिकारीलाई बुझाए ज्ञापन पत्र

*रुपेश यादव*
*रौतहट, ०१ मंसिर*

रौतहट जिल्लाको फतुवा विजयपुर नगर पालिकाका निर्वाचित जनप्रतिनिधिहरुले सोमबार प्रमुख जिल्ला अधिकारीलाइ संयुक्त रुपमा ज्ञापन पत्र बुझाएका छन्।

नगर पालिकाका ११ वटा वडाका वडा अध्यक्षहरुले संयुक्त रुपमा रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुषाललाइ ज्ञापन पत्र बुझाएका हुन। कार्यवाहक नगर प्रमुख अम्बेया खातुन र वहाको लोग्नेका कारण नगरपालिकाका सम्पूर्ण वडा कार्यालयमा तालाबन्दी भएको कारण काम काज प्रभावित बनेको हुदा बन्द रहेको कार्यालय संचालनको लागि पहल गर्न दिन ज्ञापन पत्र बुझाइएको वडा नम्बर २ का वडा अध्यक्ष अनुरुद प्रसाद यादव संजयले बताएका छन्। कार्यवाहक नगरप्रमुख खातुन आफ्नो लोग्नेको कुरामा परि प्रमुख प्रशासकीय अधिकृत फेर बदलमा लागेको कारण नगरपालिका लगायत सम्पूर्ण वडा कार्यालयमा करार सेवामा कार्यरत रहेका कर्मचारीहरुले ताला लगाएर आन्दोलनमा उत्रेको कारण कामकाज प्रभावित बनेको आरोप लगाए।




वडा अध्यक्ष यादवले प्रमुख प्रशासकीय अधिकृत भरत यादवले कानुन बिपरित कार्य गर्न नमान्दा कार्यवाहक नगर प्रमुखले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट उहाको सरुवा गराएको जानकारी गराए।

वडा नम्बर २ मा पहिला देखि निर्माण भएको कालोपत्रे सडकमा पुन ५० लाखको माटो पुरी ग्रेभल गरेको नक्कली बिल बनाएर रकम भुक्तानी गर्न दवाव दिदा प्रमुख प्रशासकीय अधिकृत यादवले नमाने पछि उहाको सरुवा गराएर अर्को प्रमुख प्रशासकीय अधिकृत मदन थापालाइ ल्याउन खोज्दा विवाद सृजना भएको वडा नम्बर १ का वडा अध्यक्ष विजय कुमार यादवले बताए। नगर पालिकामा ८२ जना कार्यरत करार सेवाका कर्मचारीको काम गरेको तलब दिने कार्यपालिका बैठकबाट निर्णय भए तापनि नगर प्रमुखले आफ्नो लोग्ने शेख सेराजको कुरामा लागि तलब भुक्तानी गर्न नदिएको आरोप उहाले लगाए। वडा कार्यालयको काम बन्द भएको कारण दैनिक प्रवाह हुने सेवा नराम्रो संग प्रभावित बनेको प्रति नगर प्रमुख कुनै चासो नदेखाएकोले बाध्य भएर ज्ञापन पत्र दिनु परेको वडा अध्यक्षहरूले बताएका छन्। ज्ञापन पत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी भुषालले कार्यालय संचालनको लागि आवश्यक पहल गर्ने प्रतिब्धता जनाएका छन्।

## बहुप्रतिक्षित टिकुलिया पुल यथाशीघ्र सञ्चालनमा ल्याउन ठेकेदारलाई कडा निर्देशन

*शु. आ. सम्बाददाता*
*रौतहट, ०१ मंसिर*

रौतहट जिल्लाको गौर र गरुडा नगरपालिका जोड्ने बहुप्रतिक्षित टिकुलिया पुल निर्माणको अवस्थाबारे सडक डिभिजन कार्यालय चन्द्रपुरका इन्जिनियर र ठेकेदारसहितको टोलीले आइतबार स्थलगत अनुगमन गरी आवश्यक विषयमा गहन छलफल गरेको छ। अनुगमनका क्रममा स्थानीय बुद्धिजीवी तथा सरोकारवालाहरूको पनि उपस्थिति थियो। लामो समयदेखि निर्माणाधीन यस पुलको काम रोकेर ठेकेदार पक्षले पहिला बोल्डर जालीको काम सुरु गरेको भन्दै टिकुलिया क्षेत्रका स्थानीय बासिन्दाहरूले व्यापक गुनासो पोखेका थिए। उनीहरूको मुख्य चासो पुलको तत्काल सञ्चालन थियो। जसका कारण वर्षायाममा यातायात र आवागमनमा ठूलो समस्या भोग्नुपरेको थियो।



स्थानीयहरूको गुनासोलाई सम्बोधन गर्दै गौर नगरपालिकाका प्रमुख शम्भु साहले निर्माण कम्पनी र सडक डिभिजन कार्यालयका प्रतिनिधिहरूलाई पहिला पुल सञ्चालनमा ल्याउने कामलाई प्राथमिकता दिन र त्यसपछि मात्रै अन्य सहायक कामहरू जस्तै बोल्डर जाली निर्माणलाई अगाडि बढाउन कडा सुझाव दिएका छन्। नगरपालिका प्रमुख साहको सुझाव तथा स्थानीयहरूको सरोकारलाई मध्यनजर गर्दै अनुगमनमा सहभागी भएका सडक डिभिजन कार्यालय चन्द्रपुरका इन्जिनियर गृषनन्दन पोरस र ठेकेदार कम्पनीका प्रतिनिधिहरूले चाँडै नै पुल निर्माणको काम सम्पन्न गरी सञ्चालनमा ल्याउने प्रतिबद्धता व्यक्त गरेका छन्। इन्जिनियर पोरसले यस पुलको महत्त्वलाई बुझेर युद्धस्तरमा काम अगाडि बढाइने आश्वासन दिएका छन्। यद्यपि विगतमा दिइएका आश्वासनहरू बारम्बार पूरा नभएको अनुभव स्थानीयहरूमाझ रहेकोले उनीहरूले यसपटकको प्रतिबद्धतालाई नजिकबाट नियालिरहेका छन्। टिकुलिया पुल सञ्चालनमा नआउँदा आम जनताले विगत लामो समयदेखि भोग्नुपरेको सास्ती अकल्पनीय रहेको स्थानीय बुद्धिजीवीहरूले बताएका छन्। विशेषगरी वर्षायाममा डाइभर्सन बगाउँदा र आकस्मिक अवस्थामा जिल्ला सदरमुकाम पुग्नका लागि समेत ठूलो असहजता भएको उनीहरूको भनाइ छ। स्थानीयहरूले जिम्मेवार पक्षलाई थप संवेदनशील बन्न र बहुप्रतिक्षित यस पुललाई यथाशीघ्र सञ्चालनमा ल्याई जनताको आवागमन सहज बनाउन जोडदार माग गरेका छन्। आशा गरौं, यस पटकको अनुगमन र निर्देशनले निर्माण कार्यलाई तीव्रता दिनेछ र रौतहटवासीको वर्षौं लामो प्रतीक्षाको अन्त्य हुनेछ।

## फेटामा निःशुल्क आँखा शिविर तीन दिन थप : युवा नेता दुबे

*शु.आ. सम्बाददाता*
*बारा, ०१ मंसिर*

फेटा गाउपालिकाको विभिन्न टोल-टोलमा सञ्चालन भइरहेको निःशुल्क आँखा शिविर तीन दिन थप गरिने भएको छ। युवा नेता उमेश दुबेका अनुसार स्थानीयको बढ्दो भीड र आवश्यकता अनुसार शिविरको अवधि विस्तार गर्न लागिएको हो।

बीरगंज सामुदायिक अस्पताल केन्द्रको सहकार्यमा सञ्चालन भइरहेको यस आँखा शिविरमार्फत हालसम्म मोतियाबिन्दु रहेका २५० भन्दा बढी बिरामीको सफल शल्यक्रिया भइसकेको छ।

दुबेका अनुसार बाँकी रहेका ३ वडामा भने मंगलबारदेखि शिविर सञ्चालन हुने छ। आयोजक पक्षका अनुसार आँखा उपचार पहुँच नपाएका नागरिकलाई लक्षित गरी 'आँखा सबैको अधिकार' अभियानअन्तर्गत यो कार्यक्रम निरन्तर जारी राखिएको छ। फेटा गाउपालिका वडा नम्बर ६ पुरैनिया टोलमा मङ्गलबार बिहान ७ बजेदेखी निः शुल्क आँखा शिविर सन्चालन हुने जानकारी दिदै मोतियाबिन्दु भएका तथा आँखा सम्बन्धि कुनै समस्या भए आँखा चेकजाच गराउनु हुन युवा नेता उमेश दुबेले आग्रह गरे।




**विज्ञापनको लागि हामीलाई सम्झिनुहोस्।**
**सम्पर्क नम्बर : ९८४५२२६३०५**

**ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं।**

**तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ। - विश्रामपुर गाउँपालिका, बारा**

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

### किसानको धान भित्र्याउने दौड : चुनौतीका बीच अस्तित्वको लडाइँ

तराई-मधेसका किसान अहिले धान भित्र्याउने कठोर दौडमा छन् । यो केवल कृषि चक्रको वार्षिक काम मात्र होइन, वर्षभरिको पसिना, लगानी र आशाको संरक्षण गर्ने निर्णायक घडी हो । रोपाइँदेखि कटनीसम्मका सबै चरणमा वर्षेनी केही न केही चुनौतीहरु आउँदै आएका छन्, तर यस वर्ष किसानले झेल्नुपरेका समस्या असामान्य रुपमा गम्भीर रह्यो ।

पहिलो चुनौती–सिँचाइको अभाव । रोपाइँको मुख्य सिजनमै पर्याप्त पानी नपर्दा धेरै किसान ढिलो, अपूरो वा जोखिमपूर्ण रोपाइँ गर्न बाध्य भए । नदी-नालामा पानी नआउदा पम्पिङ सेटमा निर्भरता बढ्यो र त्यसले लागत झनै भारी बनायो । दोस्रो चुनौती–अपरान्ह बाढी र असिनापानी । धान पाक्न लागेको अत्यन्त संवेदनशील चरणमा आएको वर्षा र बाढीले धेरै ठाउँमा उभिएको बाली भत्कियो, भिज्यो, कतिपय ठाउँमा त बोटसहित बगेर नष्टसमेत भयो । यसले किसानको वर्षभरिको मेहनतलाई क्षतिग्रस्त बनाइदियो ।

तेस्रो चुनौती–मल-खाद अभाव । समयमै र पर्याप्त मात्रामा मल नपाउँदा बालीको वृद्धि कमजोर रह्यो, उत्पादन घट्यो । बजारमा महँगो दरमा र अनियमित रुपमा मात्र उपलब्ध हुने मलले किसानको आर्थिक बोझ थप ठूलो बनायो ।

यी सबै प्रतिकूलताबीच पनि किसान अहिले खेतमै पाकेको धान बिग्रिन नदिन कटनी, बोकाइ र भण्डारणमा निरन्तर दौडिरहेका छन् । महागढीमाई-२ का किसान गोपिचन गिरीका शब्दमा–लगान, समय र पसिना सबै जोखिममा रहेको अवस्थामा उत्पादन जोगाउनु नै अहिलेको मुख्य प्राथमिकता हो ।

स्थानीय तह र कृषि प्राविधिकहरुले मौसम अस्थिर रहेको चेतावनी दिँदै धान सकेसम्म छिटो भित्र्याउन आग्रह गर्नु स्वाभाविक हो । तर प्रश्न यो हो–किसान वर्षेनी यिनै चुनौतीसँग एक्लै किन जुध्न बाध्य छन्?

कृषि नीतिमा देखिएको दीर्घकालीन अव्यवस्था, सिँचाइ संरचनाको कमजोर अवस्था, मल-खाद व्यवस्थापनको असक्षमता र किसानलाई राहत-सहयोगको ढिलासुस्तीले आजको संकट बारम्बार दोहोरिनु स्वाभाविक बनाएको छ । किसानलाई वर्षमा एकपटक संकटका बेलामा सम्झिने तर दीर्घकालीन योजनामा बेवास्ता गर्ने प्रवृत्ति जसको परिणाम आज फेरि उनीहरु नै भोगिरहेका छन् ।

धान भित्र्याउने यो चटारोले केवल कृषि चक्रको अन्त्य जनाउँदैन, किसानको अस्तित्वको लडाइँ कति कठोर छ भन्ने पनि स्मरण गराउँछ । अब आवश्यक छ–व्यवस्थित सिँचाइ, भरपर्दो मल-खाद आपूर्ति, मौसम जोखिमको पूर्वतयारी र किसान-मैत्री नीतिको कार्यान्वयन ।

किसानलाई मजबुत बनाउने दीर्घकालीन उपायहरु लागू नगरेसम्म, उनीहरुको यो वार्षिक संघर्ष निरन्तर दोहोरिरहनेछ ।

# जनतासँग माफी माग्ने कि ?



दल रावल

निष्कलंक व्यक्तिहरूलाई सफाइ दिएर सबै नेता चोर हुन् भन्ने भाष्य मेटाउन आवश्यक छ ।

मुलुकमा भदौ २३ र २४ गते अकल्पनीय र दुर्भाग्यपूर्ण घटना घट्यो । जेन-जी पुस्तका नवयुवाहरूको आह्वानमा गरिएको सामाजिक सञ्जालमाथिको प्रतिबन्ध खारेजी, भ्रष्टाचारको अन्त्य, नातावादको विरोधलगायत विभिन्न माग राखेर अगाडि बढाइएको आन्दोलन दुःखद् र हिंसात्मक बन्न पुगेको थियो ।

ठूलो संख्यामा मानवीय क्षति भयो र सिंहदरबार, संसद् भवन, राष्ट्रपति भवनलगायतका ऐतिहासिक महत्त्वका संरचनाहरू जलाइए । इतिहासकालदेखि नै नेपाली जनता महान् छन् । जसले यो सुन्दर राष्ट्रलाई सार्वभौम, स्वतन्त्र र स्वाधीन मुलुकको रूपमा विश्व मानचित्रमा दर्ज गरे । जहानियाँ राणाशासनको अन्त्य गर्नेदेखि निरंकुश पञ्चायती व्यवस्थाको अन्त्य गर्दै प्रजातन्त्र स्थापना गर्ने आन्दोलनसम्म गौरवपूर्ण बलिदानी गरे । नेपाली जनता युगीन परिवर्तनका संवाहक बन्दै आए पनि दलहरूले प्राप्त उपलब्धिहरूको रक्षा र कार्यान्वयन गर्ने कुरामा जनतालाई साथमा लैजान सकेनौं । सेवाप्रवाह र सुशासनका मामलामा हामीहरू कतै न कतै चुक्यौं । जनताका आवश्यकता र प्राथमिकताभन्दा सीमित वर्ग र बिचौलियाका स्वार्थ केन्द्रमा रहे । योगदान र बलिदानका मालिक जनताहरू किनाराकृत भएको महसुस गर्न थाले । २०७२ को संविधान प्राप्त गरिसकेपछि थुप्रै खालका सामाजिक, आर्थिक र भौतिक विकाससहितका उपलब्धि पनि नभएका भने हैनन् तर यसप्रति जनताको अपनत्व स्थापित गराउन सकेनौं ।

राष्ट्रियसभामा तत्कालीन सत्ता गठबन्धनको दुईतिहाइ मत थिएन, तथापि जनतामा आशा जगाउन भए पनि संविधानको आवश्यक संशोधनका लागि गत वर्ष दुई ठूला दलबीच भएको सहमतिलाई अगाडि बढाउन सकेनौं । यी र यस्तै कुरालाई केन्द्रमा राखेर राजनीतिक दलबीच भएका कमी, कमजोरीको सूक्ष्म विश्लेषण र समीक्षा आवश्यक छ । लोकतन्त्रमा राजनीतिक दलहरू महत्त्वपूर्ण सरोकारवाला हुने भएकाले दलहरूप्रति नागरिक अपनत्व आवश्यक छ । लोकतन्त्रको अभ्यासको क्रममा विगतमा भएका कमी, कमजोरीलाई भावी दिनहरूमा नदोहोऱ्याउने प्रतिबद्धतासहित दलहरूले जनतासामु श्वेतपत्र जारी गरी माफी माग्न ढिलो नगरौं ।

जनता हाम्रा मालिक हुन् । नेपाली जनता हाम्रा गौरवगाथा हुन् । विगतमा जनभावनालाई समेट्न नसकिएका विषयहरू विशेषत अनियन्त्रित भ्रष्टाचार, सेवाप्रवाहको कमी, नातावादमा प्रोत्साहनलगायतका अप्रिय विषयहरूमा हाम्रा पार्टीहरूले संस्थागत रूपमै माफी मागौं । राष्ट्र, राष्ट्रियता र समृद्धिका लागि हामीले खेलेको भूमिका जनतामाझ लिएर जाऊ । जनता समक्ष हामीबाट भएका कमी, कमजोरीको माफी मागौं र अब उप्रान्त नदोहोऱ्याउने वाचा गरौं ।

**जेन-जीको आवाजको सम्बोधन**

'जेन-जी' पुस्ताका नवयुवाले उठान गरेका कतिपय महत्त्वपूर्ण एजेन्डाप्रति हामी सबैले गम्भीरतापूर्वक आत्मसात् गर्न आवश्यक छ । लोकतन्त्रको सुन्दर फूलबारीमा फक्रेको 'जेन-जी' पुस्ता लोकतन्त्र र संविधानको पक्षमा देखिन्छ । उनीहरूले व्यवस्था हैन, जानीनजानी बिग्रिन गएको देशको अवस्था परिवर्तनको माग गरेका छन् । यसभित्र कतिपय शक्तिहरूले आफ्ना गलत राजनीतिक अभीष्ट पूरा गर्नेदेखि लिएर भूराजनीतिसँग जोडिएका विषयहरूलाई छोप्ने प्रयत्न भने नगरेका होइनन् । डिजिटल पुस्ताले उठान गरेका शासकीय सुधारका विषयदेखि नेपाली समाजमा रहेको भ्रष्टाचार र नातावादका उदेकलाग्दा अवस्थाको अन्त्य अनिवार्य छ । डिजिटल पुस्ताले देखेका सपनाहरू राष्ट्र, राष्ट्रियता, लोकतन्त्र र समृद्धिका आधारभूत मान्यतासँग एकाकार गर्दै अगाडि बढ्नुको विकल्प छैन ।

**भ्रष्टाचार छानबिन आयोगको गठन**

२०४६ को परिवर्तनपछि आजका दिनसम्म सरकारका विभिन्न जिम्मेवारीमा रहेर काम गरेका राजनीतिक र प्रशासनिक व्यक्तिहरूको सम्पत्ति एक शक्तिशाली र स्वतन्त्र भ्रष्टाचार छानबिन आयोगको गठन गरेर निष्पक्ष ढंगले काम गर्न आवश्यक छ । उक्त आयोगले कुनै आग्रहबिना दूधको दूध पानीको पानी हुने गरी अनुसन्धान तथा छानबिनको कार्य सम्पादन गरोस् ।

भ्रष्टाचारको अनुसन्धान तथा छानबिनबाट भ्रष्टाचारी प्रमाणित भएका राजनीतिक वा प्रशासनिक जोसुकै व्यक्तिहरूको सम्पत्ति सुशासन कोष बनाई राष्ट्रियकरण गरियोस् । भ्रष्टाचारीहरूलाई आवश्यक कानुनी कारबाही तथा निष्कलंक व्यक्तिहरूलाई सफाइ दिएर सबै नेता चोर हुन् भन्ने भाष्य मेटाउन आवश्यक छ ।

**राष्ट्रपतिको सकारात्मक भूमिका**

प्रधानमन्त्रीको नियुक्ति र प्रतिनिधिसभा विघटन दुवै संवैधानिक सीमा बाहिरबाट गरिए तापनि लोकतन्त्र र संविधान जोगाउन राष्ट्रपतिको महत्त्वपूर्ण भूमिका छ । आन्दोलनको रापतापका बीच मूलतः युगीनको बलिदानीबाट प्राप्त भएको लोकतान्त्रिक गणतन्त्र र नेपाली जनताका प्रतिनिधिहरूले लेखेको संविधानलाई जोगाउन राष्ट्रपतिको सकारात्मक र महत्त्वपूर्ण भूमिका रह्यो । संविधान घाइते अवस्थामा पुगेको छ । यसलाई आवश्यक उपचारसहित सही ट्र्याकमा ल्याउन आवश्यक छ । प्रतिनिधिसभाको विघटनबाहेक नेपालका अन्य जनप्रतिनिधिमूलक संस्थाहरू बचेका छन् ।

**नेतृत्वमाथिको अनावश्यक हमला बन्द गरौं**

शासकीय जिम्मेवारी निर्वाह गर्दा या पार्टी संगठनभित्रको लोकतान्त्रिक अभ्यासको क्रममा पार्टीका जिम्मेवार नेताहरूबाट काहीँ न काहीँ कमीकमजोरी भएका होलान्, छन् । तर ती कमीकमजोरी अक्षम्य र सुधार गर्नै नसक्ने खालका पक्कै पनि छैनन् । देशको स्वाधीनता र नागरिक स्वतन्त्रताको सुन्दर दिनहरू ल्याउन आफ्नो सम्पूर्ण जीवन समर्पण गरेका र समृद्धिको हुटहुटी बोकेका नेतृत्वमाथि पद्धतिविहीन ढंगबाट आलोचना गर्नु पक्कै पनि शोभनीय हुँदैन । जेन-जी आन्दोलन र स्वतन्त्रताका स्वरहरू पनि विगतको त्यही बलिदानीको उपज हो । लोकतन्त्रमा राजनीतिक दलहरूप्रति नागरिक अपनत्व आवश्यक हुन्छ। लोकतन्त्रको अभ्यासका क्रममा भएका कमीकमजोरीलाई भावी दिनमा नदोहोऱ्याउने प्रतिबद्धतासहित दलहरूले जनतासामु श्वेतपत्र जारी गरी माफी माग्न ढिलो नगरौं।

आजको परिस्थिति केवल जेन-जी पुस्ताले उठाएको माग र एजेन्डासँग मात्र सीमित छैन भन्ने कुरा स्वयं जेन-जी आन्दोलनका नेतृत्वकर्ता नवयुवाले भनिरहेका छन् । यसबाट हामी कोही पनि देशभक्त नेपाली भ्रमित हुन आवश्यक छैन कि नेपालको भू-राजनीतिक परिस्थितिमा हाम्रो नेतृत्वले उठान गरेको राष्ट्रवादको झण्डासँग गाँसिएको सवाल होइन भनेर । यसर्थ, उपयुक्त समयमा सिंगो देश र पार्टीहरू भित्रका आवश्यक एजेन्डाहरूमा छलफल, बहस र समीक्षा पार्टीका उपयुक्त प्लेटफर्महरूमा हुने नै छन् र गरौंला पनि ।

आज देश, लोकतन्त्र र संविधान बचेको छ । यसको आलोकमा रहेर, नाति पुस्ताको विद्रोह किन भयो भन्ने कुरामा बाजेपुस्ता बेखबर छैन र यो पुस्ताले आवश्यक समीक्षा गर्ने नै छ । अहिले तरल र संक्रमणकालीन अवस्थामा हामी सबै आत्तिनु, तात्तिनु र मात्तिनुभन्दा जिम्मेवारीबोधका साथ सिंगो देश, लोकतान्त्रिक प्रणाली र पार्टीहरूलाई सामान्य अवस्थामा फर्काउन उठौं अनि जुटौं !!

**प्रतिनिधिसभाको निर्वाचन कि पुनःस्थापना**

नवगठित अन्तरिम सरकारको प्रतिनिधिसभाको निर्वाचनलाई मुख्य कामको रूपमा गर्नुपर्ने टीओआर तोकिएको छ । कार्की सरकारले २३ र २४ भदौमा घटेको घटनाको आग्रहरहित छानबिन, २०४६ यताको भ्रष्टाचारको पारदर्शी छानबिन र तोकिएको समयमा प्रतिनिधिसभाको स्वच्छ र निष्पक्ष निर्वाचन गर्नु पर्नेछ । निर्वाचन तोकिएको समयमा सम्पन्न हुन सकेको खण्डमा जनप्रतिनिधिमूलक संस्था प्रतिनिधिसभा पुनः प्राप्त हुनेछ । तर यो सहज काम भने पक्कै पनि छैन । देशका महत्त्वपूर्ण, संरचनाहरू ध्वस्त बनाइएका छन् । ट्र्याकमा आउन थालेको अर्थतन्त्र फेरि पुरानै अवस्थामा फर्किन लागेको छ । अझै पनि संक्रमणको फाइदा उठाएर देशलाई अस्थिर बनाउन चाहने शक्तिहरू सल्बलाइरहेकै छन् ।

सबै हरपल सचेत हुन आवश्यक छ । तोकिएको निर्वाचनलाई सफलतापूर्वक सम्पन्न गराउन देशका जिम्मेवार राजनीतिक दलहरू एकाग्रताका साथ लाग्नेछन् । तर कार्की सरकारको सुरुवाती गति र देशको आर्थिक राजनीतिक वातावरण हेर्दा तोकिएको समयमा निर्वाचन हुने र जेन-जी पुस्ताका नवयुवाले भने झैं संविधानको संशोधन हुने कुरामा शंका छ । त्योभन्दा अहिलेको उत्तम विकल्प भनेको जननिर्वाचित प्रतिनिसिभाको पुनर्स्थापनासहित संविधानको आवश्यक संशोधन नै हो । यी दुईवटै विकल्पबारे देशका राजनीतिक दलहरू, अन्तरिम सरकार र आम नागरिकले सोच्न र विवेकपूर्ण निर्णय गर्न आवश्यक छ ।

लेखक, रावल नेकपा एमालेका केन्द्रीय सदस्य हुन् ।




## अन्तराष्ट्रिय समाचार

# बंगलादेशमा शेख हसिनालाई सुनाइयो फासीको सजाय

*काठमाडौं*- बंगलादेशकी पूर्व प्रधानमन्त्री शेख हसीना मानवताविरुद्धका पाँचवटा अपराधमध्ये तीनमा दोषी ठहर भएकी छन्।

ढाकामा अन्तर्राष्ट्रिय अपराध ट्रिब्युनलले उनलाई फासीको सजाय सुनाएको हो। समाचारअनुसार अदालतले उनलाई मृत्युदण्डको सजाय सुनाएको हो । अदालतको फैसला प्रत्यक्ष प्रसारण भइरहेको छ।

ढाकामा अन्तर्राष्ट्रिय अपराध ट्रिब्युनलले उनलाई मानवताविरुद्धको अपराधको दोषी ठहराउँदै हत्या घटनाका मुख्य योजनाकार ठहराएको छ।

भारतमा निर्वासित जीवन बिताइरहेकी शेख हसिनासँगै पूर्व गृहमन्त्री आसदुज्जमान खान कमाललाई मृत्युदण्डको सजाय सुनाइएको छ।

ट्रिब्युनलले अगष्ट २०२४ मा भएको विद्यार्थी आन्दोलनको क्रममा भएका हत्याको मुख्य योजनाकारका रूपमा उनीहरूलाई दोषी ठहर गरेको छ। शेख हसिना सत्ताबाट ढलेपछि भारतमा निर्वासित जीवन बिताइरहेकी छन् । उनी विगत १५ महिनादेखि भारतमै बसिरहेकी छिन्।

हसिनालाई फासीको सजाय हुने फैसलापछि बंगलादेशभर हिंसा जारी छ। सरकारले उच्च सतर्कता घोषणा गरेको छ। ढाकामा १५ हजार प्रहरी परिचालन गरिएको छ र हिंसात्मक प्रदर्शनकारीमाथि गोली चलाउने आदेश दिइएको छ।

शनिबार रातिदेखि आइतबार बिहानसम्म ढाकामा दुई वटा बसमा आगजनी भएको छ। फैसलापछि हिंसा बढ्ने सम्भावनालाई मध्यनजर गर्दै देशभर सुरक्षा व्यवस्था कडा गरिएको छ । हसिनाको मुद्दामा फैसलापछि देशभर हिंसा जारी छ । सरकारले उच्च सतर्कता घोषणा गरेको छ । ढाकामा १५ हजार प्रहरी परिचालन गरिएको छ । हिंसात्मक प्रदर्शन भए गोली चलाउने आदेश दिइएको छ।

शनिबार रातिदेखि आइतबार बिहानसम्म ढाकामा दुईवटा बसमा आगजनी भएको छ। फैसलापछि हिंसा थप बढ्ने आशंका गरिएकोले देशभर



सुरक्षा कडा गरिएको छ।

यो मुद्दा गत वर्ष जुलाईमा भएको विद्यार्थी नेतृत्वको आन्दोलन (जुलाई अपराइजिङ) का क्रममा भएका अपराधसँग सम्बन्धित छ।

पूर्वगृहमन्त्री असदुज्जामान खान कमाल र पूर्व प्रहरी महानिरीक्षक चौधरी अब्दुल्ला अल-मामुन पनि सह-आरोपीका रूपमा मुद्दामा तानिएका थिए ।

तीन सदस्यीय इजलास जसको नेतृत्व न्यायाधीश मोहम्मद गोलाम मोर्तुजा मोजुम्दरले गरिरहेका छन् । उनले अहिले ४५३ पृष्ठको फैसलाबाट मुख्य अंश पढेर सुनाए ।

७८ वर्षीया हसिनाले गत वर्ष साउन २ (अगस्ट ५) मा शासनबाट हटाइएपछि भारतबाट फर्केर अदालतमा उपस्थित हुन दिएको आदेश उल्लङ्घन गरेको आरोप छ। उनीमाथि प्रदर्शन दमन गर्न घातक कारबाहीको आदेश दिएको आरोप थियो। असदुज्जामान फरार छन् भने मामुन हिरासतमा छन्, उनले दोष स्वीकार गरिसकेका छन्। २०१० मा ट्रिब्युनल स्थापनार्थ पहिलोपटक कुनै आरोपी राज्य साक्षी बनेका हुन्।

उनीहरूविरुद्ध सरकारी अधिकारीहरूले पाँचवटा मुद्दा दर्ता गरेका छन्, जसमा हत्या रोक्न नसक्नु पनि समावेश थियो। जुन बंगलादेशी कानुन अनुसार मानवताविरुद्धको अपराधमा पर्छ। दोषी ठहरिए उनीहरूलाई मृत्युदण्ड माग गरिएको थियो।

दोषी ठहरिएपछि उनीहरूको सम्पत्ति जफत गरी पीडित परिवारलाई वितरण गरिने भएको छ। तर विपक्षीले आफूहरू निर्दोष ठहरिने आशा व्यक्त गरेका थिए। हसिनाले सबै आरोप अस्वीकार गरेकी थिइन्। यो आन्दोलनका क्रममा भएका विभत्स घटनाहरूमा ट्रिब्युनलको पहिलो फैसला भएको छ।

फैसला बंगलादेश टेलिभिजन र निजी च्यानलहरूले प्रत्यक्ष प्रसारण गरिरहेका छन्। हसिनाविरुद्ध आईसीटीमा अन्य तीन मुद्दा पनि छन्, दुई जबरजस्ती बेपत्ता पारिएका घटनाबारे र एउटा सन् २०१३ मा मोतीझीलको शापला चत्तरमा भएको दाबी गरिएको सामूहिक हत्यासम्बन्धी पनि छ।

कमालमाथि पनि दुई जबरजस्ती बेपत्ता पारिएका घटनाका मुद्दा छन्। जुलाई २ मा आईसीटी-१ ले हसिनालाई अदालतको अवहेलना गरेको ठहर गर्दै ६ महिनाको साधारण जेल सजाय सुनाएको थियो।

यो सजाय स्थानीय नेतासँगको फोन वार्तामा अदालतविरुद्ध टिप्पणी गरेको आधारमा भएको हो। ट्रिब्युनलले महिनौंदेखि उनीमाथि सामूहिक हत्या गर्न आदेश दिएको दाबी गर्ने साक्ष्य सुन्दै आएको छ।

गत वर्षको आन्दोलनपछि हसिनाविरुद्ध मानवताविरुद्धको अपराधको उजुरी दर्ता भएको थियो। त्यसपछि अनुसन्धान गरी १२ मे मा प्रतिवेदन मुख्य अभियोजक कार्यालयमा बुझाइएको थियो।

अभियोजनले १३५ पृष्ठको आरोप पत्र दर्ता गरेको थियो, जहाँ ८,७४७ पृष्ठका कागजात र प्रमाणहरू संलग्न थिए। हसिना, कमाल र मामुनविरुद्ध औपचारिक आरोप १ जुनमा दर्ता गरियो र त्यसै दिन मुद्दा चलाउने आदेश दिइएको थियो ।

जुलाई १० मा अदालतले तिनै अभियुक्तविरुद्ध मुद्दा दायर गऱ्यो। अगस्ट ४ देखि प्रक्रिया सुरु भयो। ८१ जनाको सूचीमा रहेका साक्षीमध्ये ५४ जनाले बयान दिए। जसमा पूर्व आईजीपी मामुन र अनुसन्धान अधिकृत पनि थिए।

अक्टोबर २३ मा बहस सकिएपछि नोभेम्बर १३ मा फैसला मिति तय गर्ने भनिएको थियो। त्यसदिन नै अदालतले नोभेम्बर १७ का लागि फैसला तोकेको थियो।

आरोपहरू

आरोप नम्बर १ : हत्या, हत्या प्रयास र यातना दिएको आरोप छ। चार्जशीट अनुसार हसिनाले प्रहरी र अवामी लीगसँग जोडिएका सशस्त्र समूहलाई सर्वसाधारणमाथि हमला गर्न उक्साइन्, त्यसलाई बढावा दिइन् र हिंसा रोक्न असफल भइन्।

आरोप नम्बर २ : विद्यार्थी प्रदर्शन दबाउन हसिनाले घातक हतियार, हेलिकप्टर र ड्रोन प्रयोग गर्ने आदेश दिएकी आरोप छ।

आरोप नम्बर ३ : १६ जुलाईमा बेगम रौकेया विश्वविद्यालयका विद्यार्थी अबू सैयदको हत्या सम्बन्धी आरोप। चार्ज अनुसार यो हत्या हसिना र अन्य आरोपितको आदेश, साजिश र संलग्नताका आधारमा गरिएको हो।

आरोप नम्बर ४ : ५ अगस्टमा ढाकाको चाँखारपुलमा छ जना निहत्था प्रदर्शनकारीको हत्या। यो पनि हसिनाको प्रत्यक्ष आदेश, उक्सावा, सहयोग र साजिशका कारण भएको दाबी छ।

आरोप नम्बर ५ : पाँच प्रदर्शनकारीलाई गोली हानी हत्या गरिएको, एकलाई घाइते बनाइएको र मारिएका पाँच जनाको शव जलाइदिएको आरोप छ। एक प्रदर्शनकारीलाई जिउँदै जलाइएको दाबी पनि यस आरोपमा समावेश छ।


## जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौ ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौ ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौ ।
- बालश्रमको प्रयोग नगरौ नगराऔं ।
- जेष्ठ नागरिकको सम्मान गरौ ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौ ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौ ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौ ।
- जथाभावी फोहोर नगरौ ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौ ।

प्रसौनी गाउँपालिका, प्रसौनी, बारा

समाजिक सञ्जालको दुरूपयोग नगरौं ।


# दोस्रो गाउँपालिका अध्यक्ष कप क्रिकेट प्रतियोगिता सुरू



***शु.आ. सम्बाददाता***
***बारा, ०१ मँसिर***

आदर्श कोतवाल गाउँपालिकाको आयोजनामा दोस्रो गाउँपालिका अध्यक्ष कप क्रिकेट प्रतियोगिताको भव्य उद्घाटन सोमबार गाउँपालिका खेल मैदानमा सम्पन्न भएको छ। पहिलो खेल महागढीमाई नगरपालिका र मौलापुर नगरपालिकाबीच खेलेटिएको थियो।

कार्यक्रमका अध्यक्ष सुजित कुमार बैठा (नारायणी स्किल डेभलपमेन्ट प्रा.लि., वीरगंज) ले खेलकुदले समुदायमा एकता, सद्भाव र ऊर्जा थप्ने बताउँदै प्रतियोगिताले स्थानीय प्रतिभाको पहिचानमा टेवा पुऱ्याउने विश्वास व्यक्त गरे।

उद्घाटन समारोहका प्रमुख अतिथि गाउँपालिका अध्यक्ष जवाहर प्रसाद साहले खेलकुद गाउँपालिकाको प्राथमिक विकास क्षेत्र भएको उल्लेख गर्दै स्थानीय युवालाई खेल क्षेत्रमा करियर बनाउन प्रेरित गर्ने उद्देश्य सहित गाउँपालिका निरन्तर सहयोगी भूमिकामा रहने बताए। "यहाँका खेलाडीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा चम्कने अवसर पाउन् भने गाउँपालिकाको गौरव बढ्नेछ," उनले भने।

त्यस्तै उपाध्यक्ष श्रीमती मीरा देवी, प्रमुख प्रशासकीय अधिकृत विजय चौरसिया, र वडा नं. १ का अध्यक्ष सुनिल यादव सहितका अतिथिहरूको उपस्थिति रहेको कार्यक्रममा बोल्दै चौरसियाले खेल स्वास्थ्य, अनुशासन र नेतृत्व विकासका लागि महत्वपूर्ण माध्यम भएको बताए। स्थानीय स्तरका खेलाडीलाई छनोट गरी जिल्लादेखि अन्तर्राष्ट्रिय स्तरसम्म पु-ऱ्याउने उद्देश्य प्रतियोगिताको मूल लक्ष्य भएको उनको भनाइ थियो।

उद्घाटनसँगै प्रतियोगिता औपचारिक रूपमा सुरु भएको आयोजकले जनाएको छ। भने कार्यक्रमको सँचालन वडा नं ८ का वडा सचिव रामएकवाल प्रसादले गरेका थिए।

# जगरनाथपुर गाउँपालिकाबाट सशस्त्र प्रहरीद्वारा १० केजी गाँजा बरामद,तस्कर फरार



***राजन कुमार बानिया***
***पर्सा, ०१ मंसिर***

पर्साको जगरनाथपुर गाउँपालिकाबाट सशस्त्र प्रहरीले आज बिहान १० किलो अवैध लागूऔषध गाजा बरामद गरेको छ। सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट (बीओपी) पिडारीगुठीबाट खटिएको टोलीले नियमित गस्तीका क्रममा गाजा फालिएको अवस्थामा भेटेको हो।

सशस्त्र प्रहरी नायब निरीक्षक दिलबहादुर गुरुङको नेतृत्वमा गएको गस्ती टोलीले गाउँपालिका-१, बिसुनपुरवा नजिक शंकास्पद गतिविधि देखेपछि खोजतलास गर्दै जाँदा गाजा फालिएको अवस्थामा फेला पारेको सशस्त्र प्रहरीले जानकारी दिएको छ। प्रहरीलाई देख्नेबित्तिकै तस्कर भागेकाले पक्राउ गर्न नसकिएको पनि प्रहरीले जनाएको छ।

बरामद गरिएको गाजा आवश्यक कारबाहीका लागि इलाका प्रहरी कार्यालय पटेर्वा-सुगौलीमा बुझाइएको सशस्त्र प्रहरी बल १३ नम्बर गण, पर्साले जनाएको छ।


## जनहितमा जारी सन्देश

महिलामाथि हुने शारीरिक, मानसिक, यौनिक र मनोवैज्ञानिक हिंसानै महिला हिंसा हो। त्यस्ता हिंसा सामाजिक तथा कानूनी रुपमा अपराध हुन् । कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं ।

सुवर्ण गाउँपालिका
कवहीगोठ, बारा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका, बारा

# जीनाथ बाबा मेला विधिवत् उद्घाटन, निसन्तान दम्पतीका लागि आस्थाको केन्द्र

शु.आ. सम्वाददाता
कलैया , ०१ मंसिर




निसन्तान दम्पतीलाई सन्तान प्राप्ति हुने आस्थाका केन्द्रको रूपमा देश-विदेशमा चर्चित तास्केश्वर नाथ जीनाथ बाबाको वार्षिक मेला यो वर्ष पनि विधिवत् रूपमा सुरू गरिएको छ। बारा क्षेत्र नं. ४ (ख) का नेपाली कांग्रेसका सभापति लोकेश सिंहले विधिपूर्वक पूजाआजा गर्दै मेलाको उद्घाटन गरेका छन्।

उद्घाटन समारोहमा मन्दिरका पुजारी धनलाल ठाकुर, बारा प्रहरी निरीक्षक खेम नेपाल, गण्डक इलाका प्रहरी कार्यालयका राज किशोर यादव, समाजसेवी विरेन्द्र शाह, रमेश शाह, विजकिश्वर साहलगायतको उपस्थिति रहेको थियो। मंसिर १ र २ गतेसम्म लाग्ने यस मेलामा निसन्तान दम्पतीले भाकल पूर्ति गर्ने परम्परा मुख्य आकर्षणका रूपमा रहने गर्दछ। भक्तजनले २४ घन्टे जाम (धाम-धुमसहित गरिने धार्मिक अनुष्ठान) गराई सन्तान प्राप्तिको खुसीमा भाकल पूरा गर्ने गरेका छन्। यस वर्ष मात्र चार-पाँच स्थानमा यस्तो अनुष्ठान भइरहेको मेलास्थलले जनाएको छ।

जीनाथ बाबाप्रतिको आस्था नेपाल मात्र नभई भारतका बिहार, उत्तर प्रदेशसम्म फैलिएको छ। स्थानीयको भनाइअनुसार अमेरिकामा बसोबास गर्दै आएका दम्पती रेणुका शाहले जीनाथ बाबाको कृपाले सन्तान प्राप्ति भएपछि कृतज्ञतास्वरूप मन्दिरमा ८० किलोको घन्टी र मार्बलको गेट जडान गरी करिब ५ लाख रुपैयाँ बराबरको योगदान दिएका थिए।

मेलामा धार्मिक कार्यक्रमसँगै सबै उमेरका लागि आकर्षक खेल-तमासा, झुलुवा तथा मनोरञ्जनका विविध स्टल सञ्चालनमा छन्।

जीनाथ बाबाको मेलामा दर्शन गरि मागिएको भाकल पुरा हुने जनविश्वास वर्षौंदेखि निरन्तर रहँदै आएको मेला समिति अध्यक्ष केदार साहले बताए।

# धनभन्दा ठूलो मनः युवा यादवद्वारा विपन्नलाई न्यानो कम्बल वितरण

शु. आ. सम्वाददाता
रौतहट , ०१ मंसिर



जिल्लाको सदरमुकाम गौरको वडा नं. ४ टिकुलियामा यतिबेला युवा मनोज यादवको निस्वार्थ समाजसेवाको चर्चा चुलिएको छ। समाजमा धन र पदले सम्पन्न व्यक्तिहरू भए पनि यादवले देखाएको मानवता र निःस्वार्थ सेवाभावले स्थानीयहरूको मन धन्य बनाएको छ।

छठमा साडी वितरण जाडोमा कम्बल

गौर ४ गढवाका युवा मनोज यादवले आफ्नो सामाजिक उत्तरदायित्वलाई निरन्तरता दिँदै यसपालि चिसो मौसम सुरु भएसँगै विपन्न र असहायहरूलाई न्यानो प्रदान गर्ने उद्देश्यले कम्बल वितरण गरेका छन्।

केही समयअघि छठ पर्वको अवसरमा समेत १०० भन्दा बढी साडी वितरण गरी समाजसेवामा सक्रिय रहेका यादवले यस पटक आफ्नो निजी लगानी मा २५ जनाभन्दा बढी वृद्धवृद्धा असहाय र विपन्न व्यक्तिहरूलाई न्यानो कम्बल वितरण गरेका हुन्। जाडो छल्नका लागि अति आवश्यक रहेको कम्बल पाएपछि लाभान्वितहरूले खुसी व्यक्त गरेका छन्।

स्थानीयद्वारा प्रशंसा र दीर्घायुको कामना

मनोज यादवले व्यक्तिगत खर्चमा गरेको यो उदार र सराहनीय कदमलाई स्थानीय बासिन्दाहरूले उच्च प्रशंसा गरेका छन्। स्थानीयहरूले उनको यस कार्यले समाजमा सकारात्मक सन्देश प्रवाह भएको बताउँदै विपन्न वर्गप्रति देखाएको स्नेहका लागि मनोज यादवको दीर्घायुको कामना समेत गरेका छन्।

ब्ल्याङ्केट वितरण कार्यक्रममा स्थानीयहरूको उल्लेख्य सहभागिता रहेको थियो भने उद्योग वाणिज्य संघका अध्यक्ष रविन्द्रनाथ गोपाल तथा विभिन्न सञ्चारकर्मीहरूको समेत विशेष उपस्थिति मनोज यादवको मानवीय पहललाई अझ प्रोत्साहित गरेको छ।

युवा यादवको यस निस्वार्थ सेवाले समाजमा 'धनभन्दा ठूलो मन' हुन्छ भन्ने सन्देश दिएको छ र अन्य सक्षम व्यक्तिहरूलाई पनि समाजसेवामा लाग्न प्रेरित गरेको छ।

# 'खेल्दै सिक्दै' सामग्री हस्तान्तरण, कलैया-३ बैनाथपुरका विद्यार्थी लाभान्वित

***साजिर मंसुर***
***कलैया, ०१ मंसिर***




नविनता परियोजना अन्तर्गत सञ्चालन भइरहेको खेल्दै सिक्दै कार्यक्रममा श्री नेरा आधारभूत विद्यालय, कलैया-३ बैनाथपुरका विद्यार्थीलाई कारखाना समूहले विभिन्न शैक्षिक सामग्री हस्तान्तरण गरेको छ। उपाय सिटी कार्गो प्रा.लि.का डेलिभरी पार्टनर सुनिल लामिछानेका अनुसार विद्यालयलाई विशेष किट २ हजार थान (१० शीर्षकमा विभाजित), सामान्य किट ८० थान तथा विद्यार्थी निर्देशिका पुस्तक २० थान प्रदान गरिएको हो। सामग्री हस्तान्तरणसँगै बालबालिकाको सिकाइलाई सहज, रोचक र व्यवहारिक बनाउने लक्ष्य परियोजनाले राखेको छ। कारखाना समूहका सामाजिक परिचालक अनन्त कुमार यादवले अहिले कलैयाका २० माध्यमिक र २० आधारभूत विद्यालयमा कार्यक्रम लागू गर्ने योजनाअनुसार पहिलो चरणमा ८/८ वटा विद्यालयमा कार्यक्रम शुरू भइसकेको जानकारी दिए। बाँकी विद्यालयमा क्रमिक रुपमा विस्तार हुने उनले बताए। सामग्री हस्तान्तरण कार्यक्रम विद्यालय व्यवस्थापन समिति अध्यक्ष रेयाज हवारीको अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रममा शिक्षा, युवा तथा खेलकुद महाशाखाका प्रमुख राजिव यादव, शिक्षा समिति सदस्य महमद सगिर, विद्यालयका शिक्षक तथा स्थानीय अभिभावकको उपस्थिति थियो।

विद्यालयका प्रधानाध्यापक छोटेलाल प्रसाद साहले यस्ता प्रकारका शैक्षिक सामग्रीले विद्यार्थीको सिकाइ गुणस्तरमा उल्लेख्य सुधार हुने विश्वास व्यक्त गरे। हाल विद्यालयमा १५० विद्यार्थी अध्ययनरत भए पनि आवश्यक भौतिक संरचना अपुग रहेको बताउँदै सम्बन्धित निकायको ध्यानाकर्षण गराए। त्यसैगरी विद्यालय व्यवस्थापन समिति अध्यक्ष रेयाज हवारीले २०११ सालमा स्थापना भएको विद्यालयमा सामान्य वर्षातमा समेत कक्षाहरूमा पानी चुहिने, जिर्ण भवनका कारण समयमा सिमेन्टका टुक्रा खस्ने तथा विद्यार्थीलाई चोटपटक पुग्ने जोखिम रहँदै आएको बताए। शिशु कक्षादेखि कक्षा ६ सम्म अध्ययन हुने विद्यालयमा शिक्षकको समेत अभाव रहेको उनको भनाइ थियो। कार्यक्रम सम्पन्नसँगै विद्यालय समुदायले शैक्षिक वातावरण सुधार तथा विद्यार्थी-हितमा परेका सामग्रीले सकारात्मक प्रभाव पार्ने आशा व्यक्त गरेका छन्।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
## राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाई, बारा
(कार्यक्षेत्र : बारा र पर्सा)

फोन नं.:9855048897,9855048899
Email : pmamp.piu.bara@gmail.com
वेभसाइट:piubara.pmamp.gov.np

**सूचना प्रकाशित मिति: २०८२/०८/०२**

**मासु निर्यात अभिबृद्धिका लागि राँगा वा भैसी प्रवर्द्धन कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना**

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम , कार्यक्रम कार्यान्वयन एकाइ ,बाराको चालु आ.व. २०८२ /८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिल बमोजिमको मासु निर्यात अभिबृद्धिका लागि राँगा वा भैसी प्रवर्द्धन कार्यक्रम संचालन गर्नु पर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत **"मासु निर्यात अभिबृद्धिका लागि राँगा वा भैसी प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि २०८२"**बमोजिम योग्यता पुगेका इच्छुक समूह/सहकारी/फर्म/कम्पनीहरुले तपशिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१औं दिन भित्र अर्थात (मिति२०८२/०८/२२ गते भित्र) यस कार्यालयमा अनुसूचि –२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूचि –३ अनुसारको ढाँचामा कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारी को लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल

| संचालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रमको संचालन हुने क्षेत्र | कार्यक्रम संचालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| मासु निर्यात अभिबृद्धिका लागि राँगा वा भैसी प्रवर्द्धन कार्यक्रम | समूह, सहकारी, फर्म र कम्पनी | जिल्ला भरी बारा र पर्सा | मासु निर्यात अभिबृद्धिका लागि राँगा वा भैसी प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०८२को दफा ३ मा उल्लेख भए बमोजिम | कूल लागतको बढीमा पचास प्रतिशत अनुदान रकम अनुदान उपलब्ध गराईनेछ । |

निवेदन साथ संलग्न कागजातहरु

१. कार्यक्रम संचालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव ।
२. कार्यक्रम संचालनका लागि आवश्यक जग्गा सम्बन्धि कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसँग कम्तिमा ५ वर्षका लागि गरिएको सम्झौता पत्रको प्रतिलिपि) ।
३. उद्यम वा व्यवसाय दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आ.व. सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोबार सम्बन्धी अन्य कागजातहरु ।
४. स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि ।

**नोट: विस्तृत जानकारीको लागि कार्यक्रम कार्यान्वयन एकाइ, कलैया, बाराको वेभसाईड , www.piubara.pmamp.gov.np, सूचना पाटी तथा न.पा/गा.पा. को सूचना पाटीमा हेर्नु होला तथा मोबाईल नं. ९८०७१०९९०३ मा सम्पर्क राखु हुन अनुरोध छ ।**

..............................
वरिष्ठ कृषि अधिकृत

# रौतहट प्रहरीको एक महिने प्रगति विवरण सार्वजनिकः ३३जना फरार प्रतिवादी पक्राउ ३८ लाख राजस्व संकलन

***शु. आ. सम्वाददाता***
***रौतहट, ०१ मंसिर***




जिल्ला प्रहरी कार्यालय रौतहट द्वारा पत्रकार सम्मेलन आयोजना गरी पछिल्लो एक महिनाको कार्यप्रगति विवरण सार्वजनिक गरेको छ। यस अवधिमा प्रहरीले फैसला कार्यान्वयन, लागुऔषध नियन्त्रण, भन्सार छली तस्करी नियन्त्रण र ट्राफिक व्यवस्थापनका क्षेत्रमा उल्लेख्य सफलता हासिल गरेको जनाएको छ।

*१. फैसला कार्यान्वयन र प्रतिवादी पक्राउ*

प्रहरीका अनुसार, एक महिनाको अवधिमा फैसला कार्यान्वयनको सिलसिलामा १० जना फरार प्रतिवादी पक्राउ परेका छन्, जसबाट चार लाख चौबीस हजार छ सय रुपैयाँ जरिवाना असुल उपर भएको हो । विशेष गरी जेन जेड आन्दोलनको क्रममा फरार रहेका ९ जना कैदी तथा थुनुवा पनि पक्राउ परेका छन्। अन्य मुद्दाका १४ जना प्रतिवादी समेत गरी यो अवधिमा जम्मा ३३ जना प्रतिवादी पक्राउ गर्न प्रहरी सफल भएको छ।

*२. लागुऔषध नियन्त्रणमा सक्रियता*

लागुऔषध नियन्त्रणतर्फ रौतहट प्रहरीले ठूलो परिमाणमा अवैध एम्पुल बरामद गरेको छ। दुईवटा घटनामा गरी जम्मा १५०० पिस एम्पुल (सुई) बरामद भएको छ। यसमा नोरफिन -३९८ पिस, फेनारगन -५०१ पिस, BUPRENORPHINE-१०१ पिस, र CERJACK (डाइजेपाम)-५०० पिस रहेका छन्। सोही घटनामा संलग्न २ जना मानिस पक्राउ परेका छन्। साथै, प्रहरीले लागुऔषध सेवन गरेको आशंका गरिएका १७ जना को पहिचान गरी उनीहरूलाई आवश्यक परामर्श दिई छाडेको जनाएको हो ।

*३. भन्सार छली र तस्करी नियन्त्रण*

भन्सार छली र तस्करी नियन्त्रणमा रौतहट प्रहरीले महत्वपूर्ण सफलता हासिल गरेको हो । यस अवधिमा ५ वटा सवारी साधन र तस्करीमा संलग्न ५ जना मानिस पक्राउ परेका छन्। भन्सार छली गरी ल्याइएका सर-सामानहरू र स्रोत नखुलेको दुई लाख पचास हजार रुपैयाँ समेत गरी प्रहरीले कुल अठतीस लाख बीस हजार तीन सय दुई रुपैयाँ राजस्व संकलन गरेको छ।

*४. ट्राफिक व्यवस्थापन र दुर्घटनाको अवस्था*

ट्राफिक दुर्घटना न्यूनीकरण गर्न प्रहरीले सचेतनामूलक कार्यक्रमलाई प्राथमिकता दिएको छ। एक महिनामा ३४४ वटा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएका छन्, जसबाट ५,७७० जना आम जनसमुदाय लाभान्वित भएका छन्।

यद्यपि, यस अवधिमा १०८ वटा दुर्घटना भएका छन्, जसमा ३ जनाको मृत्यु भएको छ। साथै, १४ जना गम्भीर घाइते र १७५ जना सामान्य घाइते भएका छन्।

ट्राफिक नियम उल्लंघन गर्ने सवारी साधनमाथि गरिएको कारवाहीबाट चार लाख तेईस हजार पाँच सय रुपैयाँ राजस्व संकलन भएको हो । यस क्रममा बिना हेलमेटका ४८, मादक पदार्थ सेवन गरेका ५, र बिना कागजातका १२६ सहित जम्मा ४७५ वटा सवारी साधन लाई कारवाही गरिएको हो । प्रहरीले दैनिक १० फरक फरक समय र स्थानमा जनपद र ट्राफिक प्रहरीसहितको संयुक्त चेकिङ गर्दै आएको छ।

*५. भावी योजना*

जिल्ला प्रहरी कार्यालय रौतहटले आगामी दिनमा लागुऔषध विरुद्धको अभियान लाई घरघरसम्म पुर्याउने ('घर' अभियान) र ट्राफिक व्यवस्थापन सम्बन्धी अभियान लाई थप प्रभावकारी बनाउने योजना रहेको जानकारी गराएको हो।

मो.सा चलाउँदा हेल्मेटको अनिवार्य प्रयोग गरौं ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौं कर तिरौं । - सुवर्ण गाउँपालिका, बारा